आज मिति २०८२/०८/२१ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८२/०८३ को पाँचौ बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका एजेन्डाहरुमा छलफल तथा निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | ~~कुमार श्रेष्ठ~~ भरत ब. [illegible] पाण्डे | [illegible] अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | — |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा बि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | — |
| १४. | बिजय पौडेल | सचिव | |
| | **आमन्त्रित** | | |
| १५. | बन्दना शाक्य | प्रशासकीय अधिकृत | |

बैठक संख्याः ५

मितिः २०८२/०८/२१ गते,आईतवार

**मिति २०८२/०८/२१ गतेको पाँचौं गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

| क्र सं | प्रस्तावको विषय | निर्ण य हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | आ.व २०८२/०८३ को चौथो गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • आ.व २०८२/०८३ को चौथो गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | फोहर मैला ब्यवस्थापन सम्वन्धमा । | • फोहर मैला संकलन गर्ने क्षेत्र, समय तोक्ने । | |
| (३) | ट्र्याक्टर चालक पदपूर्ति गर्ने सम्वन्धमा । | • फोहर मैला ब्यवस्थापनको लागि खरिद गरिएको ट्र्याक्टरको लागि चालक पदपूर्ति गर्न दरखास्त आव्हानको सूचना प्रकाशित गर्ने सम्वन्धमा । | |
| (४) | नदीजन्य पदार्थ उत्खनन् गर्ने सम्वन्धमा । | • नदीजन्य पदार्थ उत्खनन्, घाटगद्दि र विक्रि सम्वन्धि सूचना आव्हान गर्ने । | |
| (५) | वित्तीय साक्षरता कार्यक्रम सञ्चालन सम्वन्धमा । | • वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्नको लागि क्षेत्र छनोट गर्ने । | |
| (६) | विविध विषयहरु सम्बन्धमा । | तपसिलका विविध समसामयिक विषयमा छलफल<br>• प्रारम्भिक सम्परिक्षण समिती<br>• आ.व २०८२/०८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई गर्ने।<br>• आ.व.०८२/८३ को लागि पशुजन्य औषधिहरुको दररेट तोक्ने सम्वन्धमा<br>• आर्थिक सहयोग सम्वन्धी | |

प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्यूतान, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्याः ५
मितिः २०८२/०८/२१ गते,आईतबार

निर्णयहरुः

१. आ.व. ०८२/८३ को कार्यपालिकाको मिति २०८२/०७/२० मा बसेको चौथो कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो ।कार्यान्वयन गर्न बाँकी रहेका कार्यक्रमहरु यथाशक्य छिटो कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. मल्लरानी गाउँपालिकामा फोहोरमैला व्यवस्थापनका लागि खरिद गरिएको ट्र्याक्टर संचालन गर्नका लागि ट्र्याक्टर चालक करारमा पदपूर्ति गर्नका प्रकृया अघि बढाउने निर्णय गरियो । साथै तपसिल बमोजिमको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

- प्रमुख प्रशासकीय अधिकृतः संयोजक
- प्रशासन शाखा प्रमुखः सदस्य
- विज्ञ सदस्य

३. गाउँपालिकामा रहेको ब्याकहोलोडर र ट्राक्टर संचालनका लागि मेशिनरी औजार संचालन तथा व्यवस्थापन कार्यबिधि निर्माणका लागि मस्यौदा तयार गर्न तपशिल बमोजिमको समिति गठन गर्ने र उक्त समितिले आगामि कार्यपालिका बैठकमा छलफलका लागि मस्यौदा पेश गर्ने निर्णय गरियो ।

तपसिल

- संयोजकः कमान सिंह के सी
- सदस्यः हेमराज बस्नेत
- सदस्यः वन्दना शाक्य
- सदस्यः पुनाराम शर्मा
- सदस्यः मनोज जि.सी.

४. मल्लरानी गाउँपालिका क्षेत्र अन्तर्गत झिमरुक खोलाका विभिन्न घाटहरुवाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य गर्न स्विकृत गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार नदीजन्य पदार्थ उत्खनन् तथा संकलनको लागि शिलवन्दि दरभाउपत्र आह्वान गर्ने निर्णय गरियो ।

५. मल्लरानी गाउँपालिकाको आ व ०८१/८२ को वेरुजु सम्परिक्षण प्रतिवेदन तयारीको लागि तपसिल बमोजिमको प्रारम्भिक लेखा परिक्षण समिति गठन गर्ने निर्णय गरियो ।साथै उक्त समितिले १५ दिन भित्रमा गाउँपालिका कार्यालयमा पेश गर्ने ।

- संयोजकः विजय पौडेल प्रमुख प्रशासकीय अधिकृत
- सदस्यः कमान सिंह के सी बरिष्ठ लेखा अधिकृत
- सदस्यः हेमराज बस्नेत इन्जिनीयर

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

बैठक संख्या: ५
मिति: २०८२/०८/२१ गते,आईतवार

- सदस्यः पुनाराम शर्मा प्रशासकीय अधिकृत (योजना शाखा प्रमुख)
- सदस्यः सुरेश पोखेल सूचना प्रविधि अधिकृत

६. सुरक्षित आप्रवासन कार्यक्रम अन्तरगत चालु आ.व.०८२/८३ देखि यस गाउँपालिकामा सञ्चालन हुने वित्तीय साक्षरता कार्यक्रम कार्यान्वयन गर्न निम्नानुसार गर्ने निर्णय गरियो ।

- २१ हप्ते वित्तीय साक्षरता कक्षा सञ्चालनको लागि वडा नं ५
- १.५ घण्टाको मोड्युल कार्यक्रमः जनता मा वि लुक्चा वडा नं १, अमर मा वि चुँजा वडा नं २, भानुभक्त मा वि बर्बोट वडा नं ३, महेन्द्र मा वि खलंगा वडा नं ४ र भूमि विकास मा वि सरङकोट वडा नं ५
- १ घण्टाको मोड्युल कार्यक्रमः औपचारिक अनौपचारिक समूह ५ वटा र ३ दिनको मोड्युल कार्यक्रमः वित्तीय संस्थामा आवद्ध सदस्य छनोटको लागि वडा कार्यालयहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

७. मल्लरानी गाउँपालिका अन्तरगत बहुक्षेत्रीय पोषण कार्यक्रमको सम्पर्क व्यक्तिको प्रशासन शाखा प्रमुखलाई तोक्ने निर्णय गरियो ।

८. मल्लरानी गाउँपालिकाको आ व ०८२/८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ पुष ४ गते शुक्रवार वडा नं ५ मा संचालन गर्ने निर्णय गरियो ।

९. आ व ०८२/८३ का लागि गाउँपालिका भित्र पशुजन्य औषधि खरिदको लागि गाउँपालिका भित्र सुचिकृत भएका फर्महरुसंग दररेट माग गरी तयार गरिएको दररेट स्विकृत गर्ने निर्णय गरियो ।

१०. मल्लरानी गाउँपालिकाको गाउँ शिक्षा समिति देहाय बमोजिम पुनर्गठन गर्ने निर्णय गरियो ।

- अध्यक्षः गा पा अध्यक्ष श्री कृष्ण बहादुर खड्का
- सदस्यः गा पा उपाध्यक्ष श्री रमेश कुमार श्रेष्ठ
- सदस्यः प्रमुख प्रशासकीय अधिकृत
- सदस्यः चिन्त वहादुर राहुँ वडाअध्यक्ष वडा नं १
- सदस्यः सिता पुन कार्यपालिका सदस्य
- सदस्यः तेजमान दमाई कार्यपालिका सदस्य
- सदस्यः चक्रपाणि पौडेल प्र अ भानुभक्त मा वि
- सदस्य शोभा श्रेष्ठ प्र अ जनजागृती मा वि
- सदस्य पवन पन्त अध्यक्ष विद्यालय व्यवस्थापन समिति भूमि विकास मा वि
- सदस्य निर्मला पौडेल स्थानीय समाजसेवा शिक्षा प्रेमी
- सदस्य मिना गिरी स्थानीय समाजसेवा शिक्षा प्रेमी
- सदस्य विष्णु पौडेल प्रअ महेन्द्र मा वि
- सदस्य सचिव शिक्षा, युवा तथा खेलकुद शाखा

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः ५

मितिः २०८२/०८/२१ गते,आईतबार

११. वडा नं ४ स्थित राधाकृष्ण मन्दिर खलंगा र वडा नं ५ स्थित आदर्श प्रा वि दाहेखोलामा खानेपानी व्यवस्थापनका लागि प्राविधिक लागत अनुमान बमोजिमको रकम अध्यक्ष विशेष कोष तर्फको सामाजिक विकास शिर्षकमा विनियोजित रकमबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

१२. पशुस्वास्थ्य शिविर मल्लरानी गाउँपालिका वडा नं २ को कुँडारा र वडा नं ५ को कुमिकोटमा सञ्चालन गर्ने र कृषि विकास वालि उपचार शिविर/घरदैलो उपचार सेवा कार्यक्रम पायक पर्ने क्षेत्रहरु समेट्ने गरी वडा नं ३ को धनुवासमा सञ्चालन गर्ने निर्णय गरियो ।

१३. मल्लरानी गाउँपालिका अन्तरगत प्राथमिक स्वास्थ्य केन्द्र खलंगामा सञ्चालनमा रहेको आँखा उपचार केन्द्र सञ्चालनका लागि अनुदान शिर्षकमा विनियोजित रकम चौमासिक प्रगतिको आधारमा उपलब्ध गराउने र लक्षित वर्ग तर्फ जेष्ठ नागरिकहरुका लागि निःशुल्क आँखा उपचार सेवा संचालन गाउँपालिका भित्रका जेष्ठ नागरिकहरुको निशुल्क आँखा उपचारको लागि नेपाल नेत्र ज्योति संघ, प्यूठानसंग सम्झौता गर्ने निर्णय गरियो ।

१४. मल्लरानी गाउँपालिका वडा नं २ अन्तरगत कुँडारा मधुकरे जिमुरपानी राम्चे खसिनिखर्क मो.वा. निरन्तता शिर्षकलाई परिवर्तन गरी पैयावारी, अदुवाबारी मोटरबाटो निर्माण वडा नं २ कायम गर्ने निर्णय गरियो ।

१५. निम्न बमोजिमका व्यक्ति तथा संघ/संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

- मल्लरानी गाउँपालिका वडा नं ३ वस्ने वर्ष ५८ को मोतिलाल शर्मा रुखवाट लडेर घाटी पछाडिको हड्डि भाचिएकोले उपचारको जिल्ला वाहिर जानु पर्ने भएकोले उपचारको लागि रु १०,०००। आर्थिक सहयोग उपलब्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं २ वस्ने श्रीधर के सीको आन्द्रा सम्वन्धि शल्यक्रिया गर्नको शिक्षण अस्पताल काठमाण्डौ जानु पर्ने भएकोले रु १०,०००। आर्थिक सहयोग उपलब्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं १ वस्ने चित्र वहादुर पुनको पक्षघात भई हातखुट्टा नचल्ने भएकोले निजको उपचारको लागि जिल्ला वाहिर जानु पर्ने भएकोले रु १०,०००। आर्थिक सहयोग उपलब्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं ५ वस्ने सुमन खड्का अग्नाशय (Pancreas) सुजन भई उपचारको लागि जिल्ला वाहिर जानु पर्ने भएकोले रु १०,०००।आर्थिक सहयोग उपलब्ध गराउने ।
- अखिल नेपाल शिक्षक संघ, प्यूठानको शैक्षिक गतिविधि समेटेर प्रकाशन गरेको मुखपत्र शिक्षक ध्वनीमा सूचना प्रकाशन गरे वापत रु १०,०००। उपलब्ध गराउने ।
- ने क पा एमाले पार्टिको १२ औं राष्ट्रिय महाधिवेशनको लागि रु १०,०००। उपलब्ध गराउने ।
- झिमरुक नेटवर्क एण्ड मिडिया प्रा.लि.मल्लरानी ४ लाई झिमरुक पोष्ट डट कम अनलाइन पत्रिकामा शन्देशमुलक सूचना प्रकाशनको लागि रु ७,०००। उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत